# बराहपोखरी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : ४ मिति : २० असार, २०७६

## भाग : १

### बराहपोखरी गाउँपालिकाद्वारा प्रकाशित

**बराहपोखरी गाउँपालिका शिक्षा ऐन, २०७६**

खण्ड १) संख्या ४, स्थानीय राजपत्र, भाग १, मिति २०७६/०३/२०

# बराहपोखरी गाउँपालिका शिक्षा ऐन, २०७६

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको पवर्द्धन गरी संघिय लोकतन्त्रको संस्थागत विकास गर्न, गुणस्तरीय शिक्षा प्रदान गरी मुलुकको समृद्धि र जनहितका लागि राष्ट्रिय र स्थानीय विकासको लागि चाहिने जनशक्ति तयार गर्न यस गाउँपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेको विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२१ को उपधारा (१)तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) वमोजिम बराहपोखरी गाउँपालिकाको गाउँ सभाले यो ऐन वनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बराहपोखरी गाउँपालिका शिक्षा ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले बराहपोखरी गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले बराहपोखरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "कोष" भन्नाले दफा ४० वमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनुपर्छ।

(घ) "गाउँपालिका" भन्नाले बराहपोखरी गाउँपालिकालाई सम्झनुपर्छ।

(ङ) "गाउँसभा" भन्नाले बराहपोखरी गाउँपालिकाको गाउँसभालाई

सम्झनु पर्छ ।

(च) "प्रशासकीय अधिकृत" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "बाल शिक्षा केन्द्र" भन्नाले ४ वर्ष उमेर पूरा भई ५ वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के जि, मन्टेश्वरी समेतलाई सम्झनुपर्छ ।

(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म दिईने शिक्षा सम्झनुपर्छ । यस भित्र प्राथमिक र निम्न माध्यमिक पर्छ ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्झनपर्छ ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ट) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सिप तथा विषय वस्तुमा आधारित प्राविधिक र व्यावसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा ९ देखि १२ सम्म अध्यापन गराईने शिक्षालाई सम्झनुपर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि समुदायको पहलमा स्थापना भई अनुमती वा स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ड)"संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन गर्न गठित समिति सम्झनुपर्छ ।

(ण) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको काम काज गर्न तोकिएको कर्मचारीलाई सम्झनपर्छ ।

(त) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहको शिक्षा हेर्ने विभाग, महाशाखा र शाखा वा इकाई भन्ने सम्झनु पर्छ ।



(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनुपर्छ ।

(द) "श्रोत केन्द्र" भन्नाले गाउँपालिका भित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने विद्यालयमा केन्द्र बनाई कार्यालय रहने र शैक्षिक गतिविधि संचालन गर्न बुझ्नु पर्छ ।

(ध) "श्रोत व्यक्ति" भन्नाले श्रोत केन्द्रको प्रमुख पदमा नियुक्ति भई शैक्षिक गुणस्तर सुधारका लागि खटिएको अधिकृतलाई बुझ्नुपर्छ ।

(न) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(प) "परीक्षा समिति" भन्नाले गाउँपालिकाको विद्यालयहरुमा परीक्षा सञ्चालन र समन्वय गर्ने समिति बुझ्नु पर्छ ।

(फ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ब) "वडा शिक्षा" समिति भन्नाले वडाध्यक्षको नेतृत्वमा बनेको वडाको शिक्षा हेर्ने समितिलाई सम्झनु पर्छ ।

(भ) "शिक्षक छनौट" समिति भन्नाले गाउँपालिका भित्रका विद्यालयहरुमा रिक्त दरबन्दीमा करार शिक्षक नियुक्त गर्न बनेको समिति सम्झनु पर्छ ।

(म) "शैक्षिक शत्र" भन्नाले वैशाख १ गते देखि चैत्र मसान्त सम्मको वार्षिक अवधि सम्झनु पर्दछ ।

(य) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई जनाउँदछ ।

(र) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछन् :**

(क) माध्यमिक तह : कक्षा ९ देखि कक्षा १२ अध्यापन हुने,

(ख) आधाभूत तह : कक्षा १ देखि कक्षा ८ सम्म अध्यापन हुनेछ। आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डर गार्डेनहरु रहेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकार :** (१) माध्यमिक तहको शिक्षा देहाय प्रकार का हुनेछन्-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा,

**५.शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थमा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ -

(क) आधारभूत तह (कक्षा ५) सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ

(घ) अंग्रेजी विषय अध्यापन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा संचालन सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विषेश शिक्षा, समावेशी शिक्षा, अनौपचारीक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा





सञ्चालनको व्यवस्था गर्न सक्ने छ ।

**७. विद्यालयको वर्गीकरण :** (१) विद्यालयको सम्पति, स्रोत साधन र लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिने छ -

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

**८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले कम्पनी वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा सो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा खोल्न चाहेको हो तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले अनुमति दिनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयहरुले चाहेको कम्पनी खारेज गरि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी गाउँशिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्नेछ, र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले पुनः अनुमति तथा स्वीकृती दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा (टि.एस.ई.ई.) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ।

तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ ।

(६) उपदफा (२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएका भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरि अनुमती वा स्वीकृती दिईने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा, सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहाय बमोजिम गर्नुपर्ने छ ।

(क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक (ट्रष्टी) सङ्गठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तिन जना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराएको हुनु पर्ने,

(घ) शैक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टीले आफ्ना जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्न आफ्नो उत्तराधिकारी तोकन सक्ने,

तर सार्वजनिक क्षैशिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाल मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुखबाट स्वीकृति लिइ सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने





अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(१०) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरि कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृती दिइने छैन ।

(११) यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्था

(क) माथि जे सुकै उल्लेख भएता पनि यस अघि नियम अनुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन्, तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण सहित आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

**९. धरौटी राख्नु पर्ने** : संस्थागत विद्यालय खोल्ने अनुमती लिदा विद्यालय सञ्चालनको सुरक्षण वापत तोकिए बमोजिमको रकम कार्यपालिकामा धरौटीको रुपमा राख्नु पर्नेछ ।

**१०. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठयक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यस ऐन बमोजिम पालना गर्नु पर्नेछ ।**

**११.** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र संचालन गर्न थप व्यवस्था गर्न सक्नेछ ।

**१२. बाल गृहको सञ्चालन** : गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले बालगृह सञ्चालन गर्न पाउनेछ । बालगृह सञ्चालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**१३. सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने** : गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ । र यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय संचालन गर्न सक्नेछ ।

**१४. विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** :

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भई रहेका आधा घण्टाको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट

अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभि एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

(२) प्राथमिक तहको विद्यालयमा २२ जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखि त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ ।

(३) विद्यालयको नाम परिर्वतन गर्नु परेमा नाम परिर्वतन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि निवेदन पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको लागि स्वीकृति दिन सक्नेछ ।

(५) कसैले आफ्नो वा परिवारका सदस्यको नामबाट विद्यालयको नाम राख्न चाहेमा तोकिएको रकम विद्यालयलाई प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न सक्नेछ । विद्यालयको नाम परिवर्तन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## शिक्षा सम्बन्धी संरचनागत सम्बन्धी व्यवस्था

**५.गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, नियन्त्रण, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका एक महिला, एक दलित समेत ३ जना सदस्यहरु -सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापक मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना प्रधानाध्यापक -सदस्य





(ङ) संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना प्रतिनिधि -सदस्य

(च) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिले तोकेको एक जना प्रतिनिधी -सदस्य

(छ) संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिले तोकेको एक जना प्रतिनिधि -सदस्य

(ज) शिक्षकहरुको पेशागत महासंघको अध्यक्ष -सदस्य

(झ) गाउँपालिका अध्यक्षले तोकेको गाउँ क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कम्तिमा १० वर्ष स्थायी सेवा अवधि पूरा भएका माध्यमिक विद्यालय र आधारभूत विद्यालय तहबाट एक जना महिला सहित २ जना प्रतिनिधि -सदस्य

(ञ) शिक्षा अधिकृत -सदस्य सचिव

(२) पदेन सदस्य बाहेकका सदस्यहरुको पदावधी २ वर्षको हुनेछ ।

*पुनश्च: समितिका सदस्यहरु छनौट गर्दा क्षेत्रीय, जातीय, लिङ्गीय हिसावले समावेशी सिद्धान्तमा आधारित हुनु पर्नेछ ।*

(३) गाउँ शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक बस्नेछ ।

(४) समितिको बैठक सञ्चालन प्रकृया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ । तर एक आर्थिक वर्षमा जति सुकै पटक बैठक बसेता पनि ६ बटा बैठकको भन्दा बढीको भत्ता उपलब्ध गराईने छैन ।

(५) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचारण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ ।

तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

(६) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम

नेछ ।

१६. गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहनेछन् । निजको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. वडा शिक्षा समिति सम्बन्धी व्यवस्था :

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ -

(क) सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(ग) वडा अध्यक्षले तोकेको वडा सदस्यहरु मध्येबाट दलित महिला सदस्य सहित २ जना -सदस्य

(घ) वडा अध्यक्षले तोकेको सेवा निवृत्त वा १० वर्ष स्थायी शिक्षण सेवा अनुभव भएको एक जना शिक्षक -सदस्य

(ङ) शिक्षा प्रेमी समाज सेवी मध्येबाट समितिले छनोट गरेको एक जना -सदस्य

(च) वडाका संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिले छनोट गरेको एक जना -सदस्य

(छ) वडाका शिक्षक महासंघ अध्यक्ष -सदस्य

(ज) समितिले तोकेको वडा क्षेत्रभित्र रहेका उच्चतम सामुदायिक विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) श्रोत व्यक्ति पर्यवेक्षक सदस्य र वडामा कृयाशिल बालमञ्चका सदस्यहरु मध्येबाट एक छात्रा र एक छात्र गरि २ जना आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८.विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको





लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्याल व्यवस्थापन समिति रहनेछ :

१८.विद्यालय व्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिलकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य –सदस्य

(ग) विद्यालय संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमि विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढि नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना –सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालय प्रधानाध्यापक–सदस्य-सचिव

२.(क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिम सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(ख) विद्यालय व्यवस्वथापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षाता गर्नेछ ।

(३) वडाध्यक्ष र श्रोत व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रित गर्नुपर्नेछ । (पुनश्चः बाल क्लबहरुको तर्फबाट १ जना बालक वा बालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ ।)

(४) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्न अघि आफ्नो ...गाइ पेश गर्नबाट बञ्चित गरिने छैन ।

व्यवस्थापन समितिको सदस्यको राजिनामा समितिका अध्यक्ष र समितिका ...ध्यक्षको राजिनामा व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

...) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(७) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१९. शिक्षक अविभावक संघ :** सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउं शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दि, सेवा शर्त र योग्यता

**२०. गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

... गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने ...र्थी सख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम ...र्थी तथा शिक्षक अनुपात कायम गर्नुपर्नेछ ।

... निम्न माध्यमिक र माध्यमिक तहको अध्यापनका लागि दरवन्दी अपुग भएको ...यमा अंग्रेजी, गणित, विज्ञान विषय लिई माथिल्लो योग्यता भएको तल्लो ... शिक्षक भए सो विषयको अध्यापनको लागि माथिल्लो कक्षा अध्यापन गर्ने ... शिक्षकको रुपमा गाउँ शिक्षा समितिले नियुक्त गर्न सक्नेछ र सो अवधिको ...र्थिमक प्रोत्साहन स्वरुप गाउंपालिकाले उपलब्ध गराउनेछ ।

विज्ञान शिक्षक करारमा नियुक्त गर्दा शिक्षा सेवा आयोगले तोके ...जिमको शैक्षिक योग्यता पुगेको र अध्यापन अनुमति प्रमाणपत्र प्राप्त ...वारको दुई पटक विज्ञापन गर्दा पनि आवेदन पर्न नसकेमा ...न विद्यालय र वडा शिक्षा समितिले अध्यापन अनुमति प्राप्त ...को अभाव भएको भनि गाउं शिक्षा समितिमा सिफारिस गरेमा





गाउं शिक्षा समितिले विज्ञान शिक्षकको हकमा मात्र अध्यापन अनुमति प्रमाणपत्र प्राप्त नभएको व्यक्तिलाई समेत प्रतिस्पर्धा गर्न दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाईल खडा गरी गाउँपालिकाले राख्नुपर्नेछ ।

**२१. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता :** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ :-

(क) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढि समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालय समयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाए पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यन्त्र अध्यापन वा काम गरेमा,

(ङ) निजले अध्यापन गरेको विषयमा तीन वर्षको औषत शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा,

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने प्रर्याप्त प्रमाण भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर निजलाई पदबाट हटाउनु अघि मनासिव माफिकको सफाईको मौका प्रदान गरिनेछ ।

## परिच्छेद-५
## शैक्षिक योग्यता, शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा र तालिम

२३. **शैक्षिक योग्यता :** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

२४. **शिक्षकको नियुक्ति :** (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सयोजक

(ख) छनौट समितिको सिफारिसमा विषयगत रोष्टर मध्येबाट विज्ञ २ जना -सदस्य

(ग)गाउँ शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

(ङ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) वडाध्यक्ष वा निजले तोकेको व्यक्ति पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरवन्दीमा नवढ्ने गरि एक जना प्रध्यानाध्यापकको पद रहने छ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय वमोजिम हुनेछ ।

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुनको लागि शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्वन्धित विद्यालयको सम्वन्धित तहमा कार्यरत स्थायी शिक्षक हुनुपर्नेछ । सो नभएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको





निम्न माध्यमिक तहको स्थायी शिक्षक र सो पनि नभएमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्वन्धीत विद्यालयमा अस्थायी वा करार सेवामा निरन्तर कार्यरत शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

(ख) अधारभूत तहमा प्रधानाध्यापक हुन शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी सोही विद्यालयमा कार्यरत स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयमा अस्थायी वा करार सेवामा निरन्तर कार्यरत शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(ग) प्रधानाध्यापकले नियुक्त हुनु पूर्व पाँच वर्षे विद्यालय सुधार कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ ।

(घ) विद्यालय सुधार कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले प्रधानाध्यापकलाई हटाउन सक्नेछ ।

(ङ) प्रधानाध्याकको अवधि पाँच वर्षको हुनेछ र निज पुन: सो पदमा नियुक्त हुन सक्नेछ ।

(च) प्रधानाध्यापक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **शिक्षकको सरुवा :** (१) स्थायी शिक्षकको हकमा कुनै विद्यालयमा अधिकतम पाँच वर्ष सेवा गरे पश्चात गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने रिक्त दरवन्दीमा वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले सरुवा गर्नेछ ।

तर दरबन्दी मिलान गर्दाको बखत गाउँ शिक्षा समितिले आवश्यकता अनुसार शिक्षक सरुवा गर्न सक्नेछ ।

(२) अस्थायी तथा करार शिक्षकको हकमा दुबै विद्यालयको सहमती र

वडा शिक्षा समितिको सिफारिस भए गाउँ शिक्षा शाखाले सरुवा गर्न सक्नेछ ।

(३) न्यूनतम २ वर्ष सम्म एकै विद्यालयमा काम गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाको लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्र भित्रका दरबन्दी उपलब्ध भएका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सहमति दिएको अवस्थामा सरुवा गर्न सक्नेछ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

नोटः "विशेष अवस्था भन्नाले" निज वा सो विद्यालयमा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नीसँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त वुझ्दो कारण समेत वुझिनेछ ।

(४) शिक्षक सरुवाको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७. दरबन्दी मिलान :**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**२८. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था :** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन ।

**२९. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय





प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**३१. कार्य सम्पादन मूल्याकङ्न र सजाय तथा पुरस्कार :**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गरिनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**३२. सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको मापदण्ड निर्धारण :**

(१) विद्यालयमा विद्यार्थी सख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातवरण मैत्री हाता, करेसाबारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्र-छात्राका लागि अलग शौचालय, सिकाईमैत्री र अपाङ्गमैत्री वातारण हुनुपर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठन-पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्नेछ ।

**३३. विद्यालयको सम्पति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृत रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको चल, अचल सम्पति गाउँपालिकाले अन्य विद्यालयको काममा वा गाउँपालिकाको हितमा वा अन्य काममा प्रयोग गर्न सक्ने वा बेचविखन गर्न सक्नेछ । यदि बेचविखन गरेको अवस्थामा बिक्रिबाट प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।





(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यका रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउंपालिकाको अनुमति लिनुपर्नेछ ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पतिको अभिलेख, संरक्षण व्यवस्थापन :**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयका नाममा रहनेछ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयका काममा प्रयोग नहुने भएमा गाउंपालिकाले भोग चलन वा अन्य कुनै काममा प्रयोग वा आवश्यकता अनुसार वेचविखन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पतिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण, व्यवस्थापन र रेखदेख गर्ने कर्तव्य गाउंपालिकाको रहनेछ ।

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाई उपलब्धि हासिल हुने गरि अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यलायले नेपाल सरकराले तोकेको मापदण्ड भित्र रहि प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयमा आवश्यक पर्ने पाठ्यपुस्तकको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सिमा भित्र गाउं शिक्षा समितिमा माग गर्नु पर्नेछ ।

(३) गाउं शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरि पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकि शिक्षक, विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वअध्ययन सम्वन्धि सामग्री, पुस्तकालय, मनोविमर्श, अविभावक शिक्षाको प्रबन्ध हुनुपर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक कृयाकलाप :** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलापहरु, ब्वाल

क्लब तथा वातावरण मैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभा-मुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्विकृत लिनुपर्नेछ ।**

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति :**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए अनुसारका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ -

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित व्यक्ति -अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुई जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा श्रोत व्यक्ति -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको एक -सदस्य

(च) विद्यालयको प्रधानाध्यपक -सदस्य सचिव

(२) व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ -





**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघट्ने गरि तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा शिक्षा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थीको छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँ शिक्षा समितिको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

(३)उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) छात्रवृत्ति उपलब्ध नगराउने विद्यालयलाई गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

**४१. अनुगमन तथा मूल्याङ्कन :** संस्थागत विद्यालयका गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

**४२. अनुमति वा स्विकृत रद्ध गर्ने :** कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरित कुनै काम गरेमा गाउँपालिकालले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृत रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गर्नेछैन ।

## परिच्छेद-८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४३. गाउँपालिका क्षेत्रभित्र पर्ने** विद्यालयहरुमा राष्ट्रिय/प्रदेशस्तरको परीक्षा

सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ :

(क) गाउँ शिक्षा समितिको अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको/इलाका प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख -सदस्य

(ङ) श्रोत व्यक्ति वा विद्यालय निरीक्षक मध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(च) परीक्षा हुने कक्षा सञ्चालन भएको संस्थागत र सामुदायिक विद्यालयहरुको प्रधानध्यापक मध्येबाट अध्यक्षले तोकेको एक जना -सदस्य

(छ) शिक्षा अधिकृत - सदस्य सचिव

(१) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ । यसका लागि सम्बन्धित कक्षाका विद्यार्थीहरुबाट परीक्षामा लाग्ने खर्च वापत लाग्ने परिक्षा शुल्क सम्बन्धित विद्यालयले लिन सक्नेछ ।

(४) उपदफा (२) र (३) बाहेकको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले सञ्चालन गर्नेछ ।

## परिच्छेद-९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन





**४४. विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ -

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

**४५. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरि तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**४६. बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्त भित्र आगामी वर्षको बजेट तयार गरि व्यवस्थापन समितिबाट स्विकृत गराई त्यसको एक प्रति गाउँ शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**४७. लेखा व्यवस्थापन :**

(१) सबै विद्यालयले प्रचलित कानुन अनुसारको ढाँचामा आयव्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) नियमित कारोबारको लेखा राख्न छुट्टै व्यवस्था गरि कुनै कर्मचारी वा शिक्षकलाई जिम्मा दिनुपर्नेछ ।

**४८. सामुदायिक विदालयको खाता सञ्चालन :**

(१) विद्यालयको आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नु पर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको

संयुक्त दस्तखतवाट सञ्चालन गर्नुपर्नेछ। आधारभूत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रध्यानाध्यापकको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ।

**४९. लेखा परीक्षण तथा सामाजिक परीक्षण :**

(१) सवै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकवाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण सामाजिक परीक्षणलाई आधार मानी गर्नुपर्ने छ र प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ।

**५०. विद्यालयको कामको सामाजिक परीक्षण सम्बन्धी व्यवस्था :** सामुदायिक विद्यालयले प्रत्येक वर्षको साउन मसान्त भित्र आफ्नो कामको सामाजिक परीक्षण गर्नु पर्नेछ। सोको प्रतिवेदन भाद्र मसान्त भित्र शिक्षा शाखामा पेश गर्नु पर्नेछ। सामाजिक लेखा परीक्षण गर्न तपसिलका समिति रहने छन्।

(क) शिक्षक अभिभावक सघको अध्यक्ष -संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति -सदस्य

(ग) अभिभावक संघले तोकेको दलित र महिला गरि २ जना -सदस्य

(घ) माथिल्लो कक्षामा प्रथम हुने छात्र वा छात्रा १ जना-सदस्य

(ङ) वडा समितिको अध्यक्ष वा निजले तोकेको सदस्य १ जना -सदस्य





(च) प्रधानाध्यापकले तोकेको शिक्षक -सदस्य सचिव

**५१. छात्रवृतिको व्यवस्थागर्न सक्ने :** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृतिको व्यवस्था गर्न सक्नेछ।

**५२. शुल्क सम्बन्धी व्यवस्था**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाको लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति दिदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिईनेछ।

(६) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ र यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**५३. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जग्गा रजिष्ट्रेसन गर्दा दस्तुर लाग्नेछैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०
## विविध

**५४. गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**५६. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ।

**५७. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन।





**५८. श्रोत केन्द्र स्थापना सम्बन्धी व्यवस्था :** गाउँपालिकाको क्षेत्रभित्र विद्यालयको शैक्षिक सहजिकरणको लागि श्रोत केन्द्र स्थापना गरिने छ र श्रोत केन्द्रका कार्यकारी अधिकृत श्रोत व्यक्ति हुनेछ।

**५९. स्थानीय शिक्षा विकास कोष :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पिडित र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ।

(२) कोषमा देहाय बमोजिमका रकम रहनेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ।

**६०. दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरि बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कुनै कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ :

(क) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्विकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स , भाषा शिक्षण कक्षा तथा पुर्व तयारी कक्षा सञ्चालन गरेमा,

(च) अरुको तर्फबाट परिक्षा दिएमा,

(छ) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा सरकारवादी फौजदारी मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई तोकिए बमोजिम सजाय गरिनेछ ।

(४) उप दफा १ देखि ३ सम्म लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम उल्लङ्घन गरेमा तोकिए बमोजिम सजाय हुनेछ ।

**६१. पुनरावेदन :** तोकिएको अधिकारीले गरेका सजाएको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**६२. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**६३. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

**६४. बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत: निष्कृय हुनेछ ।





**६५. बचाउ र लागू नहुने :** (१) यो ऐन वा यस अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) संघीय तथा प्रदेश कानुनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निस्कृय हुनेछ ।

**प्रमाणिकरण मिति : २०७६/०३/१०**

आज्ञाले,<br>
वसन्त न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत